REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 13.01.2025

**महाकुम्भ- पीएम**

विश्वको सबैभन्दा ठूलो आध्यात्मिक र सांस्कृतिक समागम महाकुम्भ आज पूष पूर्णिमाको अवसरमा उत्तर प्रदेशको प्रयागराजमा अमृत स्नानका साथै शुरू भएको छ। लाखौं श्रध्यालुहरू, तीर्थयात्री र आगन्तुकहरूले गंगा, यमुना र सरस्वती नदीहरूको संगम त्रिवेणीका विभिन्न घाटहरूमा पवित्र स्थान गरे। यस भव्य आयोजनको समापन छब्बीस फरवरी महाशिवरात्रीको दिन हुनेछ।

एक सय चौंवालिस वर्षमा एकपल्ट हुने एउटा दुर्लभ खगोलीय संयोगले यो वर्ष महाकुम्भको विशेषतालाई अझै बढ़ाइरहेछ। सिक्किम राज्यको टोली पनि महाकुम्भमा सहभागी हुनेछ। यसैवीच प्रधानमन्त्री श्री नरेन्दर मोदीले आज प्रयागराजमा महाकुम्भ 2025 को शुभारम्भ भएकोमा देशवासीहरूलाई शुभकामना दिनुभएको छ। सोशल मीडियामा उहाँले यसलाई भारतीय मूल्य र संस्कृतिको संरक्षण गर्ने करोडौं मानिसहरूका लागि एउटा विशेष दिन बताउनुभयो। श्री मोदीले भन्नुभयो महाकुम्भ देशको शाश्वत आध्यात्मिक विरासतको प्रतीक हो अनि आस्था र सद्भावको उत्सव हो। राज्यपाल श्री ओम प्रकाश माथुरले पनि संस्कृति र अध्यात्मकको पवित्र संयोजन महाकुम्भ आरम्भ भएकोमा सबै मानिसहरूलाई शुभकामना दिनुभएको छ।

Maghey sakranti mela

नाम्ची जिल्लाको जोरथाङमा भोलिदेखि माघे संक्रान्ति मेला शुरू हुनेछ। माघे संक्रान्तिको अवसरमा वर्षेनी आयोजना गरिने यो मेला एक्काइस जनवरीका दिन समाप्त हुनेछ। मेला अवधिमा विभिन्न कार्यक्रमहरू आयोजित हनेछन्। यी मध्ये राज्य स्तरीय अन्तर समष्टि फुटबल टुर्नामेण्ट, दशौं अखिल भारतीय मुख्यमन्त्री सर्वणकप फुटबल टुर्नामेण्ट, ग्रामीण खेलकुद, म्याराथन दौड़ र सांस्कृतिक कार्यक्रम छन्। मेलामा ऐतिहासिक तथा सांस्कृतिक महत्वलाई जोड़ दिँदै विभिन्न स्टलहरू खड़ा गरिनेछ। यसै क्रममा सारस मेलालाई पनि विशेष स्थान दिइएको छ। माघे संक्रान्ति मेला 2025 को उद्देश्य राज्यको जीवन्त संस्कृति परम्परा र विरासतलाई प्रकाशमा ल्याउनु अनि राज्यको चिन्हारीलाई नयाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्च प्रदान गर्नु हो। यस अवसरमा बोल्दै मन्त्रीले अध्ययन भ्रमणको महत्वबारे प्रकाश पार्नुभयो र भन्नुभयो राज्य सरकार छात्र छात्राहरूको सर्वाङ्गीण विकासका लागि प्रतिबद्ध छ। उहाँले विद्यार्थीहरूलाई लेख्ने अभ्यास गर्ने परामर्श दिनुभएको छ।

Exposure tour

राज्यका सबै महाविद्यालयका विद्यार्थीहरूका लागि दिल्ली, आगरा र जयपूरको शैक्षिक भ्रमण आजदेखि शुरू भएको छ। सप्ताहब्यापी भ्रमण कार्यक्रमको आयोजना शिक्षा बिभागले गरिरहेछ। विभागका मन्त्री श्री राजु बस्नेतले आज गान्तोकको SNT परिसरबाट झण्डी हल्लाएर शैक्षिक भ्रमण टोलीलाई प्रस्थान गराउनुभयो। पाँचवटा महाविद्यालय तादोङ सरकारी कालेज, बुर्तुक कानुन महाविद्यालय, शेडा कालेज, साम्देङ सरकारी महाविद्यालय मांगशिलाका गरी जम्मा एक सय पच्चीसजना विद्यार्थीहरू र छ जना संकाय सदस्यहरू भ्रमणमा गएका छन्। यस अवसरमा बोल्दै मन्त्रीले अध्ययन भ्रमणको महत्वपूर्ण प्रकाश पार्नुभयो र भन्नुभयो राज्य सरकार छात्र छात्राहरूको सर्वाङ्गीण विकासका लागि प्रतिबद्ध छ। उहाँले विद्यार्थीहरूलाई लेख्ने अभ्यास गर्ने परामऱ्श दिनुभएको छ।

M.P Rajya Sabha

तेइसौं मुख्यमन्त्री स्वर्णकप पारम्परिक धनुकाँड़ प्रतियोगिता कार्थोक पाकिममा आयोजित हुनेछ । राज्यसभा सांसद श्री दोर्जी छिरिङ लेप्चाले आज प्रतियोगिताको तयारीको समीक्षा गर्नुभयो। उहाँले विभिन्न विभागका अधिकृतहरूसित टुर्नामेण्ट आयोजन सम्वन्धी कार्यहरू र जिल्ला स्तरीय धनुकाँड़ एकाडमी निर्माणको स्थितिबारे जानकारी लिनुभयो।

Fire broke out

गान्तोकको शिशा गोलाईमा राष्ट्रिय मार्ग -10 मुन्तिर आज दिउँसे साँढे बाह्र बजीतिर भीषण आगलागी हुँदा एउटा तीनतले काठको घर जलेर खरानी भएको छ। आगोले गर्दा नजीकैका तीनवटा घरहरू आंशिक रूपले क्षतिग्रस्त भएका छन्। आगो लागेको घटनाबारे जानकारी पाउनेवित्तिकै अग्निशमन सेवा कर्मीहरू र सदर थानाबाट पुलिस कर्मीहरू घटनास्थलमा पुगेर आगोलाई नियन्त्रणमा ल्याउने प्रयास गरे। तर आगो निभाउन झण्डै दुई घण्टाको समय लाग्यो। पुलिस महानिदेशक श्री अक्षय सचदेवा पनि घटनास्थलमा पुग्नुभयो। गान्तोक जिल्ला आपदा प्रबन्धन प्राधिकरणद्वारा जारी प्रेस विज्ञप्ती अनुसार घटनाको कारणबारे थाहा पाइएको छैन। आगलागीको कारणले कसैको पनि ज्यान गएको रिपोर्ट छैन। विज्ञप्तीमा घटना प्रभावितहरूलाई राज्य आपदा प्रतिक्रिया बल SDRF को मानदण्ड अनुरूप अनुग्रह राशि प्रदान गर्ने बताइएको छ।

Football Tournament

जोरथाङ फुटबल मैदानमा भइरहेको दशौं अखिल भारतीय मुख्यमन्त्री स्वर्णकप फुटबल टुर्नामेण्ट आज भएको खेलामा अन्तर्राष्ट्रिय फुटबल क्लब पञ्जाबले सिङलिङ स्पोर्टिङ क्लबलाई दुई गोलले परास्त गर्यो। पराजित टीमले एउटै गोल पनि गर्न सकेन। भोलि सिक्किम पुलिस र सुदेभा फुटबल क्लब दिल्लीबीच भीड़न्त हुनेछ। यसअगि आजै भएको जिल्ला स्तरीय महिला फुटबल म्याचमा नाम्ची जिल्लाले पाकिम जिल्लालाई तीन गोलले हरायो।

Weather

राज्यमा विगत केही दिनसम्म दिन घमाइलो भए तापनि आज दिँउसो अचानक पानी पर्नाले मानिसहरूलाई जाड़ो बडेको अनुभव गराएर घरभित्रै बस्न बाध्य गराएको छ। मौसम बिज्ञानले दिएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोकमा अधिकतम तापमान तेह्र दशमलउ पाँच डिग्री सेल्सियस, न्यूनतम तापमान सात डिग्री सेल्सियस र वर्षा 003.2 मिलिमिटर रेकार्ड गरियो। विभागले भोलि पनि न्यूनतम तापमान सात डिग्री सेल्सियस रहने अनि आकाशमा आंशिक बादल छाउने पूर्वानुमान गरेको छ।